TUTA Journal Vol. 11-12(1), 2023/2024  ISSN : 23508892

# साहित्यिक सौन्दर्यप्रति एक दृष्टि अनेक विचार

**डा. बाबुराम तिमल्सेना, सहप्राध्यापक, नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर**
Email: timalsinababuram04@gmail.com
**अनिल अधिकारी, उपप्राध्यापक, नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर**
Email: aniladhikaribhojpur@gmail.com
Orcid ID : https://orcid.org/0009-0001-4095-8833
**टीका फुलारा, उपप्राध्यापक, नेपाली विभाग, डोटी बहुमुखी क्याम्पस, डोटी**
phularatika2036@gmail.com

**लेखसार**

प्रस्तुत लेख सौन्दर्य, सौन्दर्यशास्त्र र साहित्यसँग यसको अन्तर्सम्बन्धका विषयमा केन्द्रित छ । यस लेखको मुख्य समस्या यही हो भने यो गुणात्मक अनुसन्धान विधिमा सम्पन्न भएको छ । सौन्दर्य, सान्दर्यशास्त्र र यसको साहित्यसँगको अन्तर्सम्बन्धका विषयमा भएका संस्कृत र पाश्चात्य दर्शन, चिन्तन, सिद्धान्त तथा त्यसको अवधारणात्मक दृष्टिकोणले अघिसारेका अवधारणासँग विमर्शात्मक टिप्पणीका आधारमा तयार हुने यस लेखमा सौन्दर्यको लौकिक दृष्टिकोण तथा यसले स्थापित गरेका मान्यताको विश्लेषण भएको छ । सौन्दर्य चिन्तनको प्राचीन र समकालीन सन्दर्भका बीचमा आएको भिन्नता तथा ती मतमतान्तरसँग साहित्यको अन्तर्सम्बन्धमाथि विमर्श हुने यस लेखमा सौनदर्यको मनोवैज्ञानिक र दार्शनिक पक्षमा विमर्श भएको छ ।

*शब्दकुञ्जी* : दार्शनिक, मनोवैज्ञानिक, ढकोसले, आदर्शता, प्रयोगशालाविज्ञान, वस्तुध्वनि, आलङ्कारध्वनि, रसध्वनि

**लेखसम्बन्धी विवरण** : लेख प्राप्त मिति : २०८०/०७/१२, लेख पुनरावलोकन मिति : २०८०/१२/१३, लेख स्वीकृत मिति : २०८१/०५/१४ ।
**प्रकाशक** : त्रि वि प्राध्यापक संघ, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर, एकाइ समिति ।

## विषयप्रवेश

विश्व साहित्यका हाँगाविगा तथा जनपक्षीय साहित्यका रूपमा कम्युनिष्ट मेनेफेस्टो लेखिएको दाबी पश्चिमा र समकालीन समयमा पूर्वीय सामाजिक संरचनामा स्थापित विषय हो । जनपक्षीय दाबी भएका र यसले मान्छेका सर्वाङ्गीण पक्षलाई समावेश गर्ने ढ्वाङ फुकिए पनि व्यवहार र प्रयोगमा यसको आचरण भएको पाइन्न । मार्क्सवादी दर्शनले स्थापित गरेका सौन्दर्य मूल्यलाई आधार मानी प्राचीन समाजको विरोध गर्दा मात्र जनपक्षीय भइन्छ भन्ने विषय भ्रमित छ । भाषण र नाराले मात्र सर्वपक्षीय हुनेभए काग सबभन्दा बढी जनपक्षीय हुने थियो । कुनै पनि विषयको स्थापनाका लागि सिद्धान्तसँगै प्रयोग पनि हुनुपर्छ । सैद्धान्तिक र प्रायोगिक पक्षको सन्तुलित सौन्दर्य विमर्शमा वैज्ञानिक विचारको प्रभाव टेंमा देखापर्छ । उनी साहित्यलाई चेतनाको रूढिवादी थेग्रो वा निथारपिथार ठान्दछन् । स्रष्टा एवम् दार्शनिक इमाइल जोलाका प्रयोगात्मक उपन्यासमा चेतनाको रूढिवादी थोत्रो पाइन्छ । वर्गसोको लागि साहित्यले वास्तविकताको अन्तःज्ञानलाई उद्घाटित गर्छ । फ्रेडरिक विल्हेम नित्से कविको स्थानमा शौपेनहावरका सङ्गीतलाई

स्थानापन्न वा स्थानान्तरण गर्न चाहन्छन् । आधुनिक युगीन साहित्यले समाजका सिद्धान्त र व्यवहारका विषयवस्तुको अध्ययन गर्छ । वर्तमान साहित्यमा कुनै जातिका संस्कृतिका अवयव र अङ्गप्रत्यङ्गका ओझेल परेको क्षेत्रलाई चित्रण गर्दछ ।

सौन्दर्यशास्त्रको विकास, सम्बर्धन र उन्नयन प्राचीन ग्रिसेली सभ्यताको देन हो । होलिनिक र हिब्राइक सभ्यताको द्वन्द्व र संश्लेषणबाट पश्चिमी सभ्यता र संस्कृतिको विकास हुन्छ । ग्रीक होलिनिक सभ्यता हो भने हिब्राइक रूढी सभ्यता र संस्कृति हो । सौन्दर्यशास्त्रको प्राचीनता र उद्गम ग्रीक हो । वैज्ञानिक, दार्शनिक, राजनैतिक, कानूनी, कलात्मक वा साहित्यिक परम्पराको पुर्ख्यौली खोज्दै जाँदा जर्मन, फ्रान्स, अमेरिकामै र अङ्ग्रेजहरू ग्रीसमै पुग्दछन् । अब ग्रीक सभ्यता कला र साहित्यको प्रथम स्पन्दन हो (त्रिपाठी, २०३०, पृ. १) । होमरले दिव्य प्रेरणालाई कलाको श्रोत र सौन्दर्य स्वीकारे । स्वतः शिक्षित दैवी गुण र प्राकृतिक गुणले सुसज्जित रमणीय पदावली र मधुर कण्ठ आदि सौन्दर्यका सरस्वतीको वरदान हुन् । (ऐजन, पृ. ३) । पूर्वीय काव्याचार्य मम्मट प्रतिभालाई साहित्य सौन्दर्यको बीजमाला हो भन्दछन् । वेदले मनीषी, परिभू र स्वयंभूलाई वेद्धऋचाले सौन्दर्य माने । होमर आन्तरिक प्रतिभालाई सौन्दर्य भन्दछन् र काव्यको हेतु ठान्दछन् । कवि हृदयले प्राप्त गर्ने दिव्य प्रेरणा र सहज जामजात शक्तिकै यर्थाथ भएको काव्य सौन्दर्य हुन्छ । (ऐजन, पृ. ३) । होमरपछिका थिओगिनीका रचयिताले एक साथ मनोरञ्जनको शिक्षा दिने काव्य सौन्दर्य हुन्छ भने । हेसिअड रञ्जनात्मक कला र नैतिकताको पाठ सिकाउने रचनाहरू सौन्दर्य हुन्छन् । सोलान्ले शिल्प प्रविधिद्वारा खिपेर सिर्जना गरिएका काव्य सुन्दर र आनन्द दायक हुन्छन् । यी ज्ञानमा भादा शिल्पमा सारभूत तत्त्व हुनसक्छ । जहाँ शिल्प हुन्छ त्यहाँ काव्य सौन्दर्य हुन्छ भन्दै अलङ्कारी भामह, रीतिवादी वामन, वक्रोक्तिवादी कुन्तकका नजिकै पुगेर काव्यको आन्तरिक पक्षले भन्दा बाह्य पक्षको सबल कार्य सुन्दर हुने देख्तछन् (ऐजन, पृ. ६) । जेनोफेनस शिव र सत साहित्यलाई सौन्दर्य देख्तछन् । सुन्दर सत्य र शिवसँग समन्वित मात्र कला र साहित्य सुन्दर हुनपुग्दछ (ऐजन, पृ. ७) । पिण्डार दिव्य प्रेरणा प्रदान गर्ने कला सौन्दर्य हुने देख्तछन् । उनका विचारमा कला र साहित्यले अनैतिकताको उन्मुलन गर्न सक्रिय भूमिका खेल्न सक्ने कला मात्र सौन्दर्य हुनसक्दछ । सामाजिक जीवनको सुखःदुख पीडा रोदन, क्रदन, हाँसा आँसु, गरीवदुखी मर्मस्थलका पीडालाई केन्द्रीय कथ्यका रूपमा छनौट गरी विराट र विहङ्गम विषयवस्तुलाई सङ्क्षिप्तमा खुम्च्याएर सरलताका साथ पोख्न सक्ने कला सुन्दर हुन्छ । काव्यकलालाई वर्णनात्मक र विवरणात्मक विधिद्वारा विविधता दिदा काव्य कला सौन्दर्य हुन्छ ।

भ्रम सिर्जना गर्ने र असत्य साहित्यले पनि मनोरञ्जनता दिन्छ तर समाजलाई आदर्श र मर्यादाको चोखोपनलाई स्पर्श गर्न सक्दैन । साहित्यले नैतिकताको सन्देश छर्न सक्नुपर्छ । नियम, नीति र विधि आदिलाई डोरेटो, गोरेटो कोर्न सक्ने परिपाटी भएको साहित्यले जीवन जगतका विविध पक्ष र पाटालाई छुनसक्दछ । सिमनाइडेस, सिप्लस र गार्गियसले सहजप्रतिभाद्वारा सिर्जना गरिएका काव्य, कला, सुन्दर हुने बताए । शिल्पसाधनमा समन्वयको खाँचो औंल्याए । गार्गी यसले एक्लै सौन्दर्यको अन्वेषण गर्दा शब्द शक्तिको महिमा गाए । युरिपाइडिजले आहलाद र आनन्द दिने सिर्जनालाई सौन्दर्य भने (ऐजन, पृ. ८) सोफिस्टले मूल्यबोधलाई आवश्यक ठाने, आरिस्टो फेनसले कलात्मक कुशलतालाई सौन्दर्य माने, उनले राज्य वा समाजको लागि उपयोगी सामाजिक नैतिक निर्देशनलाई कलाको मापदण्ड मानेका छन् ( ऐजन, पृ. १०) । शैली उच्च सत् साहित्य आहलाद सँगसँगै ज्ञानद्वार उघार्ने प्रवाहमान छङछहट काव्य सौन्दर्य र निर्झर हुन्छ । नैतिक मूल्य, दार्शनिक गम्भीरता आनन्दमय सन्दर्भ प्रस्तुत गरिएका काव्य निश्चय नै सौन्दर्य हुन्छ । कला मानव सँस्कृतिको सर्वोत्तम साधन हो । शेलीले उच्चतम र प्रफूल्लतम हृदयको क्षणहरूको संञ्चिति कला माने । यसकारण उनी संसारका अनौपचारिक विधायक हुन् । बादलेयर कलामा दिव्य सौन्दर्य र जादूमय भाव प्रति विश्वास गर्छन् । यिनी

कलामा नैतिकता छैन भने कला नै हुन् सक्दैन भन्दै विरोध गर्दछन् तर कलावादीहरू नीति छाडेर सौन्दर्य छान्दछन् ( ऐजन, पृ. २४२) । आइ.ए. रिचर्डस कलाले मनोवैज्ञानिक पाटालाई स्पर्श गर्न सक्नुपर्दछ भन्ने ठान्दछन् र उद्देश्यहीन, विश्व जनीन, अबौद्धिक, सामान्य आवेग र ऐन्द्रिक आनन्दभन्दा भिन्न आनन्द विशेषको सौन्दर्य सत्तालाई स्वीकार्दछन् ( ऐजन, पृ. ३९६) ।

अतः मानव समाजको नेतृत्व कलाले गर्छ । चित्रकला, मूर्तिकला, वस्तुकला साहित्यका विभिन्न विधाहरूले मानव जीवनका मूल्यलाई सार्थक र पारदर्शी तथा उपयोगी बनाउनका लागि सुन्दर काव्य लेखिनु पर्छ । यो विश्व एउटा सनातन वृक्षको आश्रय पाएर खडा भएको हुन्छ । सुखः र दुःख मानव वृक्षले दुइटा फल दिएर मनुष्य जगत जीवित भएको हुन्छ । सत्व, रज, तम तीन गुण मानिसका कर्मका जरा हुन् । धर्म, अर्थ, काम, मोक्ष यी चार रस सुख दुःख रूपी फल मित्रका रस हुन् । कान, छाला, आँखा, जिब्रो र नाक आदि सुख दुःख भोग्ने शरीरका ज्ञानेन्द्रियहरू हुन् र सौन्दर्य असौन्दर्य जान्ने साधन हुन् । लोभ, मोह, जरा, मृत्यु, शोक भय यी छ साधन मानवभित्र रहने विकृति, विसङ्गति बोक्ने साधन हुन । रसा, जगत, मासु, बोसो, हड्ढी, मासी र शुक्र (वीर्य) यी सात धातु त्यो वृक्षका छाला र बोक्रा हुन् । पञ्च महाभूत, मन बुद्धि अहंकार यी आँठ सुखःदुख भोग्ने शरीरका हाँगा विगा, सँहला, पातहरू हुन् । मुख, कान, नाक, आखाँ, गुरूद्वार, मुत्रद्वार आदि नौ सुःख दुःख भोग्ने शरीरका ढोकाहरू हुन् । प्राण, अपान, व्यान, उदान, समान, नाग, कूर्म, देवदत्त र धनञ्जय आदि दश प्राणवायुहरू सुखः दुःख भोग्ने शरीरका पातहरू हुन् । यो संसार रूपी वृक्षमा जीवात्मा र परमात्मा दुइटा पक्षीहरू भौतिक शरीरमा वास गर्छन् । यदि पंक्षी वास बस्ने छोडेर गएका दिन भौतिक शरीरको मुढो मात्र रहन्छ । यस्तो आफ्नै शरीरको ज्ञान गराउने काव्य, कला र साहित्य सौन्दर्य हुन्छ । (श्रीमद्भागवत् दशम स्कन्धः श्लोक २७) ।

हाम्रो आफ्नै समयका रोलाँ बार्थेसले पूर्व आधुनिकतावादी साहित्यका चुनौती युक्त आनन्द पत्ता लगाएका छन् । रस र ध्वनिवादीले कला वा साहित्य पढ्दा पाठकमा साधारणीकरण भयो भने त्यो साहित्यले आनन्द दिन्छ । आनन्द दिने साहित्य नै सौन्दर्य हुन्छ । रोलाँ बार्थेसको तर्क छ हामी प्रचलित परम्परालाई प्रयोग गरेर आफूले जानेको, सुनेको, पढेको कुराको बुझेका आधारमा व्याख्या गर्छौं तर त्यो उनको विचारमा आदर्श अभिलेख केवल पूर्ण रूपले 'बद्ध' मात्र हुन्छ । किनकि यस्तो आग्रहपूर्ण आलेखबाट पाठकहरूलाई परम्परातिर धकेल्न बाध्य पार्छ त्यसबेला ऊ इन्कार गर्नतिर लाग्दछ अथवा आलेखको कुनै निश्चित, व्याख्या गर्नतर्फ लाग्दैन । बरू स्वतन्त्र ढङ्गले तर्कवितर्कका साथ खण्डनमण्डन गर्दै अगाडि बढ्दछ । प्रत्येक पाठकले जुन किसिम र तरिकाबाट पढ्छ बुझ्छ र अनुभव गर्छ ऊ त्यसैलाई लेख्दछ । यस्तो लेखनलाई बार्थेसले मुक्तिदायी ठान्दछन् । बार्थेस, आइसर र फिश आदि भिन्न मत राख्ने सिद्धान्तकारहरू परिवर्तन पाठकको सोच कतातिर छ ? उनीहरूका कुण्ठा र पीडालाई ध्यानमा राखेर साहित्य सिर्जना गरेका हुन्छन् । आइसर लेख, सिर्जना र पाठकका बीचमा शक्ति सन्तुलन कायम गर्न प्रयत्नशील छन् । सिर्जनाले एउटा आग्रहको संरचना गर्छ । उसले कि त स्वान्त सुखायका निम्ति वा लक्षित पाठकले लागि लेख्ने अपेक्षा राख्तछ । पाठकले आलेखभित्रको रिक्तता र अनिश्चितताको आँखीझ्यालको बीचबाट समाजका सांस्कृतिक, राजनैतिक, नैतिक, धार्मिक र आर्थिक पक्षको परिवर्तन चाहन्छ त्यसबेला त्यस्तै विषयवस्तु र अनुभव स्तरको क्रियाकलाप माझबाट पाठक झिक्तछ र अगाडि बढ्दै जान्छ । त्यसपछि पाठक र आलेखको अन्तक्रियाबाट सौन्दर्य वस्तुको सिर्जना हुन्छ ।

वस्तुतः आधुनिक सौन्दर्यशास्त्रीय सिद्धान्तवादीहरू लेखक, पाठक र आलेख बीच हुने अन्तक्रिरयात्मक प्रक्रियाप्रति सौन्दर्य हेर्दछन् र अरू कलाका परिवर्तनलाई हेर्दछन् र अरू कलाका परिवर्तनलाई छोडेर एउटा वर्गमा मात्र

केन्द्रित हुन्छन् । सौन्दर्यशास्त्रीहरू (लोहनी, २०७९: पृ ९९६–१००३) । समाजका विभिन्न वर्ग, क्षेत्र, लिङ्ग, उत्पीडनका मर्मलाई चियाउन सकेको साहित्य अवश्य नै सुन्दर हुन्छ । प्रस्तुत लेख सौन्दर्य, सान्दर्यशास्त्र र साहित्यसँग यसको अन्तर्सम्बन्धको विषयलाई मुख्य समस्याका रूपमा चयन गरी त्यसको निराकरण केन्द्रित छ । यस लेखले उठान गर्नखोजेको मुख्य समस्याले साहित्यमा सौन्दर्यको मूलभूत पक्षका साथै त्यसको उत्पत्ति, विकार र यससम्बन्धी मान्यताका आधारमा यसको निरूपण गर्ने विषयमा केन्द्रित छ । सौन्दर्य, सौन्दर्यशास्त्र र साहित्यिक सौन्दर्यसम्बन्धी रहेका मतमतान्तरका आधारमा विश्लेषण हुने यस लेखमा मुख्य समस्याको समाधानका लागि निम्नलिखित शोध्यप्रश्न निर्माण भएका छन् ।

(क) सौन्दर्य र सौन्दर्यशास्त्रको अध्ययनपद्धति केकस्तो छ ?

(ख) सौन्दर्यशास्त्र र अन्य दर्शन-सिद्धान्त कसरी सम्बन्धित छन् ?

(ग) सौन्दयशास्त्र र साहित्य किन अन्तर्ससम्बन्धित छन् ?

खराब किताब पढ्नु विष समान हुन्छ । साहित्यमा सौन्दर्य र यसको आफ्नो जीवन र आलेख सत्यतथ्य यथार्थ फैलाएर प्रस्तुत गरिन्छ भने त्यसको साहित्यको मृत्यु हुँदैन । यस लेखले सौन्दर्यचेतको शाश्वत प्रकटीकरण भएका साहित्य अजरामर हुन्छ भन्ने निष्कर्ष निकालने उद्देश्य लिएको छ । सौन्दर्यको यथोचित् प्रस्तुति भएका साहित्यको न मृत्यु हुन्छ न त्यस्ता सिर्जना विलयन हुन्छन् । गुणी साहित्य र कलाबाट कला सर्जकको सब स्थानमा आदर हुन्छ । साहित्य, कला र सिर्जना स्वतन्त्र भए र देशको प्रतिनिधित्व गर्नसके भने त्यस्तो काव्यले शोभा दिन्छ । बगैंचा फूलले शोभा दिन्छ । हात परोपकारी दानबाट शोभा पाउँछन् । आकाश ताराबाट शोभा पाउँदछ । स्त्री पवित्रताले शोभा पाउँदछन् । विद्या नम्रता र विनयताले शोभा पाउँदछ । पुत्र मातापिताको भक्तिबाट शोभा पाउँदछन् । घर स्वच्छता र व्यवस्थाले शोभा पाउँदछ । मनुष्य सद्गुणले शोभा पाउँछ भने साहित्य रस, ध्वनि, अलङ्कार रीति, वक्रोक्ति र सामाजिक रीतिरिवाज संस्कारलाई प्रतिनिधित्व गर्ने आलेखबाट सौन्दर्य हुन्छ । यस लेखले समाज भ्रष्ट पार्ने विकृत साहित्य पढ्दा सुन्दर लागे पनि आनन्द हुँदैन भन्ने निचोड तथा यससम्बन्धी प्राज्ञिक विमर्श यस शीर्षक उपशीर्षकमा भएका विमर्शबाट निकाल्ने उद्देश्य लिएको छ ।

## शोधविधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धान पद्धतिमा आधारित । यस लेखका लागि सामग्रीको स्रोत पुस्तकालय हो । यस लेखका सामाग्रीहरू द्वितीय श्रोतबाट लिइएको छ । यस लेखमा सौन्दर्य, सौन्दर्यशास्त्र र यससँग साहित्यको अन्तर्सम्बन्धका सम्बन्धमा भएका अभिमतलाई संश्लेषण गरी त्यसको उपादेयताको विश्लेषण गर्ने भएकाले यसको मूलभूत अवधारणा सौन्दर्य चिन्तन हो । यो आलेखले विभिन्न पूर्वीय र पाश्चात्मका विद्वानहरूको सौन्दर्यसम्बन्धी व्यक्त गरिएका धारणालाई सङ्क्षेपमा एकत्रित गरी आगमनात्मक र वर्णनात्मक विधिको प्रयोगद्वारा विवेचनासहित अर्थापन भएको छ ।

## नतिजा र विश्लेषण

सौन्दर्य र सौन्दर्यशास्त्रको विकास पश्चिमी चिन्तनपद्धतिबाट भएको हो । मूलतः सौन्दर्यवाद ग्रीकमा जन्म्यो । अरस्तुको कृति पोइटिक्सको प्रभाव यसमा पनि परेको छ । पूर्वीय साहित्यले अलङ्कारमा रस, रीति, वक्रोक्ति, ध्वनि र औचित्यमा सौन्दर्य देखे र खोजे । (उप्रेती, सन् २००२, पृ. १९) । हामी पनि हाम्रो नेपाली साहित्यले सिद्धान्त निर्माण

गरेर त्यसैका आधारमा सुन्दर साहित्यको सिर्जनात्मक र समालोचकीय मूल्य स्थापित हुन आवश्यक छ । कला र कलात्मक अभिव्यक्तिको सौन्दर्य प्राचीन चित्रमा पाइन्छ । पश्चिम युरोप, फ्रान्स, स्पेन आदिका गुफामा सौन्दर्यले भरिएका चित्रहरू देख्न पाइन्छ । माटाका मूर्ति, आभूषण, कौडा, सीप, अस्त्र–शस्त्र र आन्तरिक वस्तुसँग सम्बन्धित लोकवाणीमा पनि सौन्दर्य छरिएका छन् । परम्परागत आर्ष काव्य, साहित्य, नाट्य र नृत्यका संवाद, शास्त्रीय कथन एवम् लोककथनले सौन्दर्य र यसको सार्विक मूल्यलाई जीवित राख्दैआएको छ । सौन्दर्य र सौन्दर्यशास्त्रका विषयमा सत्येन्द्र (सन् १९६२) ऐतिहासिक वाणी, विलास, कला र जासूसी तिलस्मी घटनाका माध्यमले भाषामा वल्ला घरको नरे पल्लो घरमा सरेका रूपमा जीवित भाषाको कारण त्यस्ता सदैं आएका हुन्छन् भन्ने मान्यता राख्दछन् (पृ. १०८) । लोकवार्ताका माध्यमबाट अभिव्यक्ति कलामा सौन्दर्य थप्तै रामरौंस गर्दै प्रदर्शित भएका हुन्छन् । छन्द, अलङकार, रीति, वक्रोति, ध्वनि, रस र औचित्यहरू सौन्दर्य बनाउने साधन हुन् ।

सौन्दर्य कलात्मक मूल्यमा आधारित विषय रहेकाले कला, गला र वाणीमा यसको अस्तित्व पल्लवित रहने गर्दछ । काव्य रस र अलङ्कारले सुशोभित हुनु त्यसमा सौन्दर्यको स्थापना हुनु हो । श्रोतालाई मनपर्ने गला, कला, वाणी र मन्दमुस्कानलाई सौन्दर्य ठान्दछन् । चेहरा भेष भूषाको सजावटले सुन्दर हुन्छ । कविता काव्य, साहित्य जीवन दर्शन र मनोभावलाई हृदय स्पर्श गर्न सक्ने कथनबाट सौन्दर्य हुन्छ । उत्तम तथा विशिष्ट शैली, उच्च कविता, आहलादित र ज्ञान सदा प्रवाहमान निर्भर गतिमा-काव्य सुन्दर हुन्छ । कवितालाई नैतिक मूल्य, दार्शनिक गम्भीरता र आनन्दमय भावभूमिबाट कला सौन्दर्य हुन्छ । सन् १९२७ को जर्मनले अनुवादमै सौन्दर्य देख्यो । कृतिप्रति प्रकाशित भएका समीक्षाहरू ४ वटा गुण, अवगुण औल्याइएका मात्र सम्बन्धित विषयमा लेखिएका सौन्दर्य परक कृति थिए (अधिकारी, २०६२, पृ. १२२) ती कृतिमा भएका विषयवस्तु, रस र साधारणीकरण कविका कारण लोकप्रिय भएका थिए ।

सौन्दर्य कला चित्र र मूतिद्वारा मन र मस्तिष्कलाई एकोऱ्याउने साज सज्जाले धनीभूत भएका मन प्रफूल्लित पार्ने थिए । समाजभित्र प्रचलित भएका जादू टुनामुना र लोक अनुष्ठानहरू सौन्दर्य कलाका मुख्य अवयवहरू हुन् । तन्त्रमन्त्र, धर्म, संस्कृति, संस्कार, अर्थ, वाणिज्य, समाजमा घट्न सक्ने दृश्यात्मक रूपमा मन बहलाउदै अवलोकन गर्न सकिने मनोरञ्जनात्मक साधनहरू र साध्यबाट सौन्दर्य प्राप्त हुन्छ (ऐजन, पृ. २३) । यो आलेख कलामा सौन्दर्यको कसरी प्राप्ति हुन्छ भन्ने पूर्व र पश्चिमका विद्वान् विदुषीका धारणा भनाइ र निर्णयप्रति केन्द्रित रहेको छ । सन्दर्भ प्रस्तुत गरिएका कुरा र कृतिले मानव संस्कृतिको सर्वोत्तम अभिव्यक्ति सौन्दर्य हुन्छ भन्न खोजेको छ । (त्रिपाठी, २०३०, पृ. २०९) । सौन्दर्यलाई लोकवार्ताको सौन्दर्य पक्षसँग जोडेर हेरिएको छ । यो ऐतिहासिक, भौगोलिक र संवादात्मकको साहित्यिक पद्धतिमा र पश्चिमी संरचनावादमा आधारित छ । यसले साहित्यिक यात्रा उत्तरआधुनिकतावादसँग पुग्दै साइनो गाँस्तछ । संरचनावाद अमेरिकी स्कूलबाट विकसित भएको हो । यो पछिल्ला दिनमा विनिर्वाणवादसम्म पनि फैलदै शारीरिक, मानसिक, भाषिक, विकृति, विसङ्गतिसँग हास्तै रमाउँदै समाजको खला खलामा र गलागलामा सौन्दर्यप्रति अनेक विचार पोख्तै र ढल्कदै पुगेको छ ।

सौन्दर्य र सौन्दर्यशास्त्रसम्बन्धी विषयको शाब्दी र आर्थी अभिवृत्तिको विकास र विस्तारमा पाश्चात्य दर्शन र दार्शनिकको योगदान रहेको छ । लिटरेरिया वायोग्राफियाले कला र साहित्यलाई दार्शनिक र सौन्दर्यशास्त्रीका विद्वान्का रूपमा कलरिजलाई प्रस्तुत गर्छ (ऐजन, पृ. १८७) । बीसौं शताब्दीमा वेनडेटो क्रोचेको सर्वोत्कृष्ट कृतिमध्ये एक कृति साहित्यक सिद्धान्त माथि लेख-त्यसै लेखबाट ग्रीसमा सौन्दर्यशास्त्रलाई इस्थेटिक्स भनेपछि साहित्यमा यो मान्यता स्थापित हुँदै आएको हो । यसको शाब्दिक अर्थ इन्द्रिय ज्ञान हो । कान, छाला, आँखा, जिब्रो, नाक यी ज्ञानेन्द्रिय हुन् ।

मुख, पाउ, हात, पायु, उपस्थ यी कर्मेन्द्रिय हुन् । यी दुवैको समष्टि नाम इन्द्रिय हो । सौन्दर्य अथवा इस्थेटिक्सको तात्पर्य इन्द्रियलाई सौन्दर्य लाग्ने काव्य कला र साहित्य सुन्दर हुने नै भयो । यिनै इन्द्रियको सौन्दर्य साहित्य हो । अलेक्जेन्डर वनगार्टनले सन् १७१४ देखि सन् १७६२ भित्र प्रथमपटक इस्थेटिक्स शब्दको प्रयोग गरे । उनले प्रकृति र कलामा पाइने ज्ञानलाई सौन्दर्य भने जस्तो शिवरात्रीका कथामा मृगले व्याधालाई दिएको ज्ञान, दत्तात्रयले मानव र मानवेत्तर पशु पक्षी कीरा फछयाङ्गबाट प्राणीबाट सिकेको ज्ञानको रहस्य सौन्दर्य हो । सौन्दर्यको लक्षण ग्रन्थबाट उत्पादित काव्य त्यसको कारण र नियम अनुरूप लेख्दै चल्नेहरूका साहित्य सबै सौन्दर्यात्मक साहित्य भए (उप्रेती, सन् २०००, पृ. १९) मा दार्शनिक एवम् सौन्दर्यशास्त्री अरस्तुको पोइटिक्सको प्रमाव सौन्दर्यवादीमा परेको देख्तछन् । सूक्त, लोकोक्ति उखान, टुक्का वाग्धारा, पहेली र ढकोसले जस्ता काव्य वा साहित्यमा सहज, सरल रूपमा लेखिन पर्ने काव्यमा सौन्दर्य प्राप्त हुने देखेका छन् । गुरूप्रसाद मैनालीको 'नासो' कथासङ्ग्रहका कथामा र रूद्रराज पाण्डेको रूपमतीका सूक्ति, लोकोक्तिको कारण ती कृतिमा सौन्दर्यता पाइन्छ (लोहनी, २०५५, पृ. ८९९) ।

सौन्दर्य र सौन्दर्यशास्त्रसम्बन्धी सिद्धान्तमा मौलिकताको वहस गर्ने वर्क हुन् । मौलिकतालाई उनले दुई भागमा बाँडेका छन् । एउटालाई आत्मा सुरक्षा भने । अर्कोलाई सामाजिकतामा राखे । वर्कले ज्यादा समाजसँग जोडेर आएका स्पष्ट विचारप्रति जोड दिए । जनमानसमा स्थापित ज्ञानका रूपमा स्थित रहेका "तारा अनेकाः किल चन्द्र एकः । हजार गोपिनी एक कन्हैया । जन्मना काममा भिक्षुको नाम्ना कुवेरः कथ्यते जनैः । सदाको दुःखी नाम चैन सुख अथवा धनको गरीव नामको धनवहादुर, बाहिर बाहिर नैन सुत, भित्रभित्र भँइया सुत बाहिर बाहिर ठूलो किस्ने भित्रभित्र कोदो पिस्ने ।" (सिंह, सन् २००९, पृ. २०४) वीरतामा कातर नाम वीरवहादुर जस्ता कथन जनजीवनको सौन्दर्यलाई प्रस्तुत गर्ने कथन हुन् । कौर्टशियाली सौन्दर्यात्मक कलामा आदर्शताका कुरा गर्छन् । जर्मनीका गार्टेनले कविता कलामा पूर्णताको कुरा गर्छन् । जेहोस् कला र कवितामा भद्रगोल नहुने किसिमबाट प्रशस्त बिम्बको चयन गरी स्थानमान अनुसार समायोजन गर्दा अभिव्यक्ति कला सुन्दर हुन्छन् ।

सौन्दर्य र सौन्दर्यशास्त्रका सम्बन्धमा इमानुएल कान्ट (१७७०) ले आफ्नो लेखक, कवि कलाकारहरूका सिर्जनामा तटस्थ बसे भने त्यस्ता रचनाहरू समाजपरक र सुखद हुन्छन् । सुखद भावना भएका रचना विवेकको प्रतिनिधित्व गर्नुपर्दछ । कान्ट पाठकले लिने आस्वादनको कुरा उठाउँछन् । काव्यभित्रका सूक्ति, उक्ति र लोकोक्तिले मानवतालाई बोकेर हिंड्नुपर्छ भन्नेमा दृढ देखिन्छन् । मानिसका अभिव्यक्तिले सु–व्यवस्थित मानवतावादी चेतनालाई व्युँझाउदै समेटनु पर्छ । अर्कोतिर उक्ति, सूक्तिले प्रकृतिका उपयुक्त बिम्ब र प्रतीकलाई साथसाथ एउटै डालोमा लिएर हिंड्नसक्नुपर्छ । न दुरूक्ताय स्पृहयेत् (शर्मा उपाध्याय, १-४१-९) उपशब्दको अवसर नआओस् यसमा सामाजिक अर्ती उपदेश छ । "सत्यं तातान सूर्यः (शर्मा उपाध्याय, १-१०५-१२) सूर्यले सत्त्वलाई फैलाएका छन् । वास्तुकला र ललितकला परिकल्पनामा आधारित हुन्छ । उपयुक्त अनुभव र तर्कको सुसङ्गतबाट भावकः पाठकमा सुसङ्गत मानसिक अन्तर्क्रियाद्वारा मनमा उठेका  प्रतिबिम्बित भावनाको हुन्छ । सौन्दर्य सधै रूपात्मक हुन्छ । वास्तु कलामा संलग्न रहन सक्ने उद्देश्य र सौन्दर्यको सन्दर्भ कलाले प्रस्तुत गर्नु सक्नुपर्दछ । इमानुएल कान्ट र एडिसनहरू कलामा मौलिकता हुनुपर्दछ भन्दछन्, समाजिक जीवनलाई प्रतिनिधित्व गर्ने उक्ति, सूक्ति र लोकोक्तिहरू सन्दर्भ पारेर कलाभित्र प्रस्तुत गर्नुपर्छ भन्दछन् । क्षेमेन्द्र समन्वयवादी आचार्य हुन् । उनले सौन्दर्य स्थापना गर्न औचित्यवादको स्थापना गरे । काव्य शब्द र अर्थ दुवैको सहभावमा नै निर्भर रहन्छ र सुन्दर हुन्छ । काव्यमा सौन्दर्य र आह्लाद रीति, गुण, अलङ्कार सबैको सहयोगबाट सम्पन्न हुन्छ र रसाभिव्यक्तिबाट नै सौन्दर्यता उत्पन्न हुन्छ (उपाध्याय,  २०६१, पृ. १५) । सौन्दर्य आफैंमा सीमित र एकपक्षीय विषय नभई अनेकताको संयोजनबाट निर्मित वस्तु हो ।

चित्तलाई पगाल्ने किसिमको भावले युक्त आह्लादलाई माधुर्य भनिन्छ । माधुर्यता कथनले सौन्दर्यता प्रदान गर्छ । माधुर्यता सम्भोग श्रङ्गार, करूण, विप्रलम्भ श्रङ्गार र शान्तरसमा हुन्छ । यी अलङ्कार प्रयोग भएको काव्य अवश्य सौन्दर्य हुन्छ । चित्तलाई उत्साहद्वारा जागृत गरी विस्तारित पार्ने किसिमको भाव प्रयोग भयो भने वाणीमा ओजता आउँछ । ओज गुण प्रयोग भएको काव्य सौन्दर्य हुन्छ । वीर, वीभत्स र रौद्ररस प्रयोग भएका काव्यहरू पनि सौन्दर्य हुनपुग्दछन् । जस्तो सुकेका दाउरामा वा इन्धनमा आगो फैलिएर झै यसले मानवीय चितमा सहसा काव्य गुण फैलिएर व्याप्त हुनपुग्दछ । त्यसलाई प्रसाद गुण भनिन्छ । यो रस उमार्न र रीतिको मिलानमा अनुकुल हुन्छ । यो सुन्ना साथ, पढ्नासाथ अर्थबोध हुन सक्ने सरल पद योजनाद्वारा व्यक्त गरिएको काव्य सौन्दर्य हुन्छ । यो सभास रहित हुन्छ र अन्वयको अपेक्षा नगर्ने काव्य प्रसादगुण युक्त काव्य मानिन्छ । (उपाध्याय, २०६१, पृ. १५०) । शिलर (१७५९–१८०५) ले विचारको एकताबद्धतालाई सौन्दर्य भनेका छन् । उनले मानिसको आत्मा, भौतिक वस्तुहरू र रूपप्रति हुने स्वन्दनलाई सौन्दर्य मानेका छन् । यसैबाट काव्य र साहित्यमा नै सौन्दर्यता प्रस्फूटन हुन्छ । "पादे घातो यथा मुण्डे" "हाऱ्यो घुँडामा फुट्यो निधार" यो कथनमा सौन्दर्यता छ । हिन्दीले "मारे घुट्ना फुटे ललाट" भन्छ एक स्थानको पीडा अर्को स्थानमा हुन्छ भन्ने भनाईमा व्यङ्गय छ । व्यङ्गय काव्य आफै सौन्दर्य हुन्छ (कहावत रत्नाकार, २००९:१८०) । साहित्यमा सौन्दर्य निर्माणका लागि सघन व्यङ्ग्यको अपरिहायर्यता रहन्छ ।

**सौन्दर्य सौन्दर्यशास्त्रसम्बन्धी मान्यता**

रोमाण्टिक युगका ब्लेक (१७५७–१८२७) ले काव्यको सौन्दर्यता मानसिक प्रफूल्लता र कलात्मक शिल्पमा देखे सूक्त, सूक्ति, लौकोक्ति, उखान, ढकोसले, तुक्का-टुक्का र वागधारा पहेलीलाई साहित्यिक रचनामा प्रचुर मात्रामा कलामा सौन्दर्यता उत्पादन हुन्छ भनेका छन् । जाँ फाल (१७६३–१८२५) र नोमालिस (१७७२–१८०१) ले चमत्कार र जादूमय अभिव्यक्तिमा सौन्दर्य देख्तछन् । एड्गर एलेन पोले सौन्दर्यले आनन्द दिन्छ । त्यस्तो काव्य सर्वोत्तम हुन्छ भनेका छन् ( उपाध्याय, २०६१, पृ. ७२) । क्यारिटले काव्यमा अभिव्यञ्जन भयो भने त्यस्तो काव्य सुन्दर हुन्छ । सुन्दर प्रतीक र बिम्बका वस्तुहरू उत्तेजक हुन्छन् । त्यस्ता काव्यले पाठक-भावकलाई उत्तेजक पार्दछ । त्यस्तो उत्तेजक पार्ने शक्ति यौनेच्छा, यौन काममा, प्रयोग तथा करूणा तिनले उत्पन्न गर्ने साहित्यिक तत्त्वबाट काव्यले आनन्द दिन्छ । साथसाथै सूक्ति, लोकोक्ति काव्यमा प्रयोग गरिदा काव्यिक तात्पर्यबाट हेर्दा हामीलाई मुग्ध र आनन्दित पार्दछन् । कलामा सौन्दर्य खोज्नेहरू जीवनगत सत्यभन्दा कलागत सत्यलाई सौन्दर्य ठान्दछन् । कलामा रस अलौकिक छ भन्ने रसवादी मान्यतासँग सौन्दर्यको समानता छ । (उपाध्याय, २०६१, पृ. ७२) । गुर्बटले सामान्य सत्य वा शुद्ध वास्तविकता मात्र कलाको उद्देश्य होइन । सत्यको भ्रम नै ललित कलाको रहस्य हो । टी एस् इलियटले काव्य आत्मामिव्यक्ति मात्र वमन गर्नु होइन सौन्दर्यात्मक काव्य आत्मादेखि पलायन पनि भएको हुन्छ । त्यति भएर पनि उनी आनन्दलाई स्वीकार गर्छन् । हडसन पनि टी.एस इलियटको आनन्दलाई सौन्दर्यका रूपमा स्वीकार्दछन् ।

कलारिजले सत्य, चैतन्य र सुन्दरताको विश्लेषण गर्छन् । चैतन्य ईश्वर र सुन्दरतासित सम्बन्धित हुन्छ । उनका विचारमा आत्मा र वस्तुको समन्वय वा एक बिम्बमा अनेकौको अर्थ ब्युत्पादन भयो भने कलामा सौन्दर्यता प्राप्त हुन्छ । चैतन्यको प्रकाशन रस हो ।स्थायी भाव आदि विषय हुन्छन् । यस्तो आवरणयुक्त शुद्ध चैतन्य रस हो (उपाध्याय, पूर्वीय साहित्यसिद्धान्तः ७२) । श्लेगेल (१७७२–१८२८) ले विश्वलाई ईश्वरको रूपमा हेरेर व्याख्या गर्ने रचनाहरू सुन्दर हुन्छन् जस्तो वसुधैव कुटुम्बकम्, आत्मवत् मन्यते जगत्, सर्वे भवन्तु सुखिन आदिमा वैश्विक भाव ओतप्रोत छ । त्यसैले यी कथनमा सौन्दर्य छ । हेगेल (१७७०–१८३१) ले कलामा इन्द्रियले अनुभव गरेको परम चेतनाको अभिव्यक्ति कलामा

प्रस्तुत भएमा सौन्दर्यता प्राप्त हुन्छ । उनी इतिहास र जीवन पद्धतिसँग कलालाई जोड्नु पर्छ भन्दछन् । जस्तो ‘‘नाला पानीको युद्ध’’ शोपेन हावर (१८८८–१८६०) ले सौन्दर्यबाट सबै प्रकारका जीवन र जीवको जीवन कथा पूर्ण हुन सकैन न समाधान नै हुनसक्दछ । पूर्णमद पूर्णमिदं पूर्णात पूर्णमुदच्यते पूर्णस्य पूर्णमादाय पूर्णमेवशिष्यते) मा पूर्ण भन्ने बाँकी रहन्छ । (शर्मा नेपाल, २०७०, ८०) ।

सौन्दर्यको वास्तविकताका सम्बन्धमा कान्ट द्वैतवादलाई सौन्दर्य भन्दछन् । कान्ट र माध्वमतले द्वैत दर्शनको कुरा गर्छन् । द्वैतवादले आधा संसार, समय र स्थानमा रहेका दृश्यतन्त्र, प्रपञ्चको व्याख्या नै सौन्दर्य हो भन्दछ । अर्को आधा विश्वलाई सङ्कल्पका रूपमा मान्दछ । उनी भन्दछन् कला र विश्व सङ्कल्पको विकासमा यो एक विशेष क्षण मात्र हो । सर्वश्रेष्ठ कला सङ्गीत हो । संगीतमा नै सौन्दर्य हुन्छ । यस विषायलाई नित्शे सङ्कल्पको प्रेरणामा सौन्दर्य देख्तछन् । उनले जीवनको आधार सङ्कल्प हो भन्दछन् । यसैले सङ्कल्पले नै कलालाई निर्देशित गर्दछ । नित्शे कलालाई दुई भागमा बाडँने गर्दछन् । जसमा डायनिसियन कलाः– यसको सौन्दर्य सङ्गीत, नृत्य, अभिनय, गीति कविता र (२) अपोलियन कला चित्रकला, मूर्तिकला, महाकाव्य आदि हुन् । उन्नाईसौं शताब्दीको मध्यमा फ्रान्सेली र अङ्ग्रेजी सौन्दर्यका विचारकहरूले समाजसित सम्बन्ध गाँस्ने र सामाजिक समस्याले ग्रस्त र व्यस्त रचनाबाट सौन्दर्यता प्राप्त हुन्छ भन्न लागे । प्रत्यक्षवादी काण्टको विचारमा कलाले सामाजिक व्यवस्थालाई झन् सुधार्न र परिस्कृत पार्ने रचनाहरू बाट सौन्दर्य उत्पादन हुने गर्छ भनिएको छ । हिपोलिटको विचारमा कलामा वैज्ञानिक सोच, वैज्ञानिक धारणा, नयाँ नयाँ प्रयोग र अभिधारणा प्रकट भएका छन् भने त्यस्ता रचना सुन्दर हुन्छन् । सौन्दर्य कलाले कुनै खास नयाँ युग र सामाजिक परिवेशको दृश्य र घटनाहरू कलामा व्यक्त भएको हुनुपर्दछ । भन्दछ रस्किन र मोरिसले विज्ञानद्वारा नभएर आचरणद्वारा सामाजिक परिपाटीको सुधार गर्ने खालका सिर्जना लेखिदा ती सौन्दर्य हुन्छन् भनेका थिए ।

टाल्स्टायले सर्वोच्च र सर्वोत्तम भावनाको सञ्चारण गर्ने रचनाहरू सुन्दर हुन्छन् भने उद्देश्य स्पष्ट पारेर लेखिएका रचनाहरू वा कला सुन्दर हुन्छन् । उनी पनि कलाको सामाजिक दायित्वमा जोड दिने विचारक हुन् । रचना नित्य सौन्दर्य परक हुन्छन् र हुनुपर्दछ भन्दछन् । सुन्दर चीजहरूको सर्वोच्च र प्रसिद्ध मूल्यलाई सम्हालेर लेखिएका कृतिहरू सुन्दर बन्दछन् । पश्चिममा कलाका लागि भन्ने आन्दोलन अगाडि बढ्यो । भिन्नभिन्न साहित्यिक स्रष्टाहरूका भिन्नै विचारकहरूका दृष्टिकोणहरू काव्यिक कलामा देखिनथाले । ‘‘पिण्डे पिण्डे मतिर्मिन्ना कुण्डेकुण्डे नव पय । जातजातौ नवाचार नव वाणी मुखेमुखे’’ । यसलाई मुण्डे मुण्डे मार्तिर्मिन्ना पनि भनिन्छ । कलाकलाका लागि भन्ने सौन्दर्यलाई यो सूक्तिले टपक्कै टिपेर थपक्कै राखेको छ । यसै गरी वाल्टर पेटरले आत्मिक सुखका लागि स्पन्दन भन्ने नारा लगाए । उनले कलालाई मोफसलको रचनाभन्दा पनि केन्द्रीकरण वा नागर सभ्यताको चित्रण गरिएका रचनामा सौन्दर्य हुन सक्छ भन्ने राय प्रकट गरे । सौन्दर्यात्मक कलालाई फ्लोबियरले अति उत्तम शैली र अनुसन्धानलाई विशेष जोड दिए । वाइल्डले नियमित सबै प्रकारका नैतिक मूल्य बोकेका रचनाहरूले समाजलाई मूक्ति दिन्छन् । यस्तै किसिमका रचनाहरू लेखिँदै गए भने सौन्दर्यसम्बन्धी लेख्ने लेखकहरूले आ–आफ्ना साहित्यिक अवधारणा उल्लेख गरे पनि पाठकले जे मनपराउँछन् मन पर्ने सौन्दर्यले ओतप्रोत हुन्छन् ।

**सौन्दर्यशास्त्रको अध्ययनपद्धति**

सौन्दर्यशास्त्रको खोज र अनुसन्धानको अध्ययन वर्णनात्मक, व्याख्यात्मक र दार्शनिक एवम् मनोवैज्ञानिक उद्धरणका दुई आधारबाट गरिएको छ । यसको दार्शनिक मतले दार्शनिकहरू मानिसका जीवनमा चौबीस तत्त्वको खोज, अन्वेषण र अनुसन्धान गर्ने पक्षको पृष्ठपोषण गर्दछ । सौन्दर्यशास्त्रका विषयमा दार्शनिकहरू काव्यनन्द कान, छाला,

आँखा, जिब्रो, नाकद्वारा व्यष्टि र समिष्ट कलाका पाटाहरूलाई स्पर्श गर्दै अलङ्कारको, समुचित सहसन्तुलनलाई मध्य नजर गरी ती विषयहरूको उठान, बैठान र गतिशील एवम् चलायमान् पारी प्रयोग गरिएको साहित्यलाई सौन्दर्य देख्तछन् । सौन्दर्यशास्त्रको मनोवैज्ञानिक पक्षले मान्छेको अन्तस्थलमा कलाको उत्पत्ति हुने दृष्टिकोण राख्दछ । यो मानव ज्ञानेन्द्रियद्वारा ग्रहण र अभिव्यक्त हुने मत मनोवैज्ञानिकहरूको छ । मन, आँखा, कान, छाला, जिब्रो, नाक यी छ चिज मिलेर मनोमय कोश बन्दछ । मनोमय कोशलाई इच्छा शक्ति पनि भनिन्छ । मनोमय कोशबाट आत्मामा इच्छा उत्पन्न हुन्छ । मनद्वारा कलामा भरिएको मन विज्ञानको इद, इगो र सुपरइगोको सङ्कल्प विकल्प खोजिन्छ । कलाको अध्ययन अनुसन्धान मनले नै गर्छ । त्यसैमा रमाउँदै कलामा व्यक्तिले सन्तुष्टि असन्तुष्टि व्यक्त गर्दछ । इच्छाबाट सङ्कल्प र प्रतिज्ञा उत्पन्न हुन्छ । यही इच्छाको दृढता शक्ति सङ्कल्प हो । कलामा वा साहित्यमा देखिएको विकल्पहरू सन्देहहरू हुन् ।

सौन्दर्य र सौन्दर्यशास्त्रसम्बन्धी विषयमा प्लेटो आफ्नो समयमा दार्शनिक कला र सौन्दर्य प्राप्तिका समस्याहरूप्रति गहिरो अभिरूची राख्दछन् । मनोवैज्ञानिकले सौन्दर्यशास्त्रद्वारा सौन्दर्यनप्रतिको ् रस लिनुपर्छ भन्दछ । कलाको सृष्टि सिर्जनाद्वारा काव्यिक मनको सम्पादनबाट नयाँ मन भरिएको काव्य सुन्दर हुनसक्दछ । जस्तो– रूद्रो राजा द्रोण पुत्रो जटायु, चाणक्यो वा धुन्धुमार त्रिशङ्कु (त्रिपाठी, सन् १९५५, पृ.३४१) रिसाहा रूद्र राजा हुन् । द्रोणका छोरा जटायु, चाणक्य, धुन्धुमार र त्त्रिशङ्कु होऊन् । शकार नामको पात्रले वसन्त सेनासँग भन्दछ । "बालिपुत्रले इन्द्रलाई, रम्भाका पुत्रद्वारा कालनेमी र सुबन्धुलाई, रूद्रले राजा दुर्योधन र अश्वत्थामालाई जटायुले चाणक्यलाई र धुन्धुमारले त्त्रिशङ्कुलाई बिनाश गरे भन्नासाथ सबै काव्य पाठक र साहित्यिक श्रोताहरू यस्ता मानसिक र उटपट्याङ गफ सुनेर हाँस्तछन् । महाभारतमा चाणक्यले सीतालाई जटायुद्वारा द्रौपदी मारिएकी थिइन् । त्यस्तै म तिमीलाई मारिदिन्छु भन्ने काव्य वा साहित्यमा प्रयोग भयो भने श्रोता, पाठक र भावक व्यङ्गय प्रयोग भएको ठानेर यो सत्य होइन भन्ने बुझेर र देखेर हाँस्तछन् । यी शब्दको प्रयोग महाभारतमा द्रौपदीको प्रसङ्ग र रामायणमा जटायुको प्रसङ्ग र सन्दर्भ आउँछ । सत्यकथा र प्रसङ्गलाई भत्काएर अभिव्यक्तिलाई वङ्ग्याएर जथाभावी उल्टो पाल्टो पारेरभन्दा काव्य सौन्दर्य हुन्छ भन्नेहरू पनि छन् । यसले काव्यलाई सौन्दर्य बनाउन त सक्ला तर सत्य कुरा भनेन् भनेर उट्पट्याङ कुरा गऱ्यो र दर्शक र पाठकलाई प्रभाव पारेर मनोरञ्जन दिन खोज्दैछ भन्ने मनद्वारा थाहा पाउँछ । यस्ता कथनले पनि काव्यमा सौन्दर्यको प्रस्तुति गर्ने गरिन्छ । लौकिक साहित्यले यस्ता कथनलाई ढकोसले भन्दछ । जस्तो –

चाणक्येन यथा सीता, मारिता भारते युगे
एवम् त्वां मोटयिष्यामि, जटायुरिव द्रौपदीमः (ऐजन, पृ. १६९)

प्लेटो कलाकारले कला भनेका अर्काको नक्कल गर्ने साधनहरू मान्दछन् गणराज्य स्थापना गर्ने काममा बाँधा पुऱ्याउने साहित्यकार नै भएकाले देशबाटै गलहत्याएर यिनलाई निकाल्नुपर्छ भन्ने आशय उनी व्यक्त गर्दछन् । कसैका महत्त्वपूर्ण सूत्रात्मक र सारसङ्क्षेप भनाइहरू, नक्कल गर्दै भनिरहँदा सूक्ति र लोकोक्ति बनेका हुन् । ब्रह्म सत्यं जगत्मिथ्या जीवो ब्रह्मैव नापरः । अनेन वेद्यं सच्छास्त्र मिति वेदान्त डिण्डिमः (द्रविड, सन् १९३७, पृ. ४५) साहित्यकारलाई देश निकाला गर्ने र मनोरञ्जन खोज्ने प्लेटो हुन् । प्लेटो सत्य र विशिष्ट कला एवम् निर्मल कलाले मनोरञ्जन प्रदान गर्छ । यसले नै आनन्द दिनेगर्छ । उनी आनन्द प्रदान गर्ने सुन्दर रचनालाई मात्र साहित्य मान्दछन् । प्लेटो सौन्दर्य कलालाई सिम्पोजियम भन्दछन् । सिम्पोजियम भनेको कलाको असल पक्ष र असल गुणसँग गाँसिएको हुन्छ । कलाका असल गुण नै सौन्दर्य हो । उनले ओज, प्रसाद र माधुर्य पूर्वले भनेका गुणतिर साहित्यलाई ठोक्काउन पुग्दछन् ।

**सौन्दर्यशास्त्र र अन्य दर्शन/सिद्धान्तबीच अन्तर्सम्बन्ध**

सौन्दर्यशास्त्रको ई.पू. चौथो शताब्दीबाट प्रारम्भ भयो । सौन्दर्य कलाको दर्शन प्लेटोभन्दा जेठो सोक्रेटसबाटै आरम्भ भएको हो । जेठा कविहरूले स्तरयुक्त रचना गर्ने कक्षा कोठा र गुरूकूलमा पढाउनुपर्छ भन्नेमा सचेत थिए । काव्य कलाहरूका वाणीले पाठक र दर्शकमा मनोरञ्जन प्रदान गर्न सक्नुपर्छ भन्ने मान्दथे । प्लेटो साहित्यकार, काव्यकारलाई अर्काको नक्कल गर्ने समाज भाँड्ने भद्धा किसिमको मनोरञ्जन गराउने व्यक्तिहरू हुन् भनेर हेय दृष्टिकोणले हेर्थे । आफ्नो गणराज्यबाट यस्ता भाँड र मूर्ख साहित्यकारले सौन्दर्य दिने खालका रचना गर्न नसक्ने भएकाले यिनलाई देशबाटै निकाल्नुपर्छ भन्दथे । उनी नित्य, सत्य, शिष्टकला र निर्मल आनन्द दिने खालका सिर्जनाहरू मात्र आफ्ना राज्यमा सिर्जित हुन् भन्ने चाहना राख्तथे । उनी काव्यभित्र ओज, प्रसाद र माधुर्य गुण भएका काव्यलाई सिम्पोनियम भन्दथे ।

मध्यकालका स्रष्ट्राहरूले कविता र सिर्जनालाई ईश्वरको भव्यता र सौन्दर्य भन्ने गर्दथे । कलामा पवित्र आत्माको मात्र चित्रण हुनुपर्दछ । त्यसले सौन्दर्य दिन्छ । मध्यकालका लेखकहरू सौन्दर्यात्मक सोचाईलाई सौन्दर्य मान्थे । काव्यिक र साहित्यिक एवम् र आलङकारिक वस्तुहरूद्वारा व्यक्त गरिएका उक्तिले जसरी नारीका केराका थम्बा जस्ता सुडौला हात गोडाका अङ्गहरू चम्काएका हुन्छन् । त्यस्तै गरी सङ्गीत र साहित्यले वास्तुकलामा प्रयोग गरिने शब्दगुण र अर्थ गुण युक्त पद बिन्यासले सौन्दर्य ल्याउँछ । सन्त अगस्टिनले ‘कला, कला’ का भन्ने उक्ति, सूक्ति र लोकोक्तिहरू वास्तुकलासँग जोड्दा सान्दर्भिक हुन्छन् मान्थे । सन्त थमस कलाका वाणीमा कान्ति हुनुपर्दछ । कान्तिसँगसँगै जीवन र जगतको अखण्डता, पूर्णता, सङ्गति र विसङ्गति यी सबैको सामज्जस्यले कलामा सौन्दर्य प्राप्त हुन्छ भन्दछन् । साथ साथै पढदा मात्र हुँदैन धोल्लिँदा, चिन्तन मनन गर्दा देख्ता पनि सुन्दर र सुन्दा पनि आनन्द आउने सिर्जनाले आनन्दता र सौन्दर्यता दिन्छ भन्दछन् । जे होस् पुनर्जागरण कालले सौन्दर्यका विषयमा मौलिक चिन्ता गर्नसकेको छैन भन्न सकिँदैन । नव प्लेटोवादीहरू मानवका दुःख र उनका दुःखी आत्मालाई प्रतिनिधित्व गर्ने कला र साहित्यलाई सौन्दर्यपरक साहित्य मान्थे । हुनतः कलाकोसौन्दर्यका विषयमा नवप्लेटो वादीहरूको त्यति चर्चा गरेनन् । नव प्लेटोवादी प्लेटिनसले कला र साहित्यभित्र परमानवको दुःख, दुखित पात्रहरू र दुखी आत्मालाई आकर्षित गर्ने विषयवस्तु हुनुपर्दछ भन्थे । पुनःर्जागरण कालका थुप्रै कविताहरूमा सौन्दर्यको वर्णन गर्दा ओझेल भरेको वर्गप्रति लक्ष्यित गरी ढालेका सिर्जनाहरू लेखिनुपर्छ भन्ने त्यस बखतका प्रतिभाहरूको भित्री आधार र आशय थियो ।

सौन्दर्यशास्त्रको आधुनिक स्वरूप अठारौं शताब्दीमा इटालियन दार्शनिक मिकोको साहित्यिक यात्राबाट सौन्दर्यशास्त्रको नौलो रूप र मौलिकतातर्फ कला उन्मुख हुन्छ । सन् १८२५ तिर मिकोले पारस्परिक मनको विम्बात्मक, प्रतीकात्मक सहितको कलाले नयाँ विचार जन्माएको हुन्छ र कल्पनालाई उनले छुट्टै र स्वतन्त्र किनभने भने कल्पनाले आदिम मानवको विम्बात्मक, प्रतीकात्मक सहितको चित्रात्मक भाषा, अभिव्यक्ति र तिनका कविताभित्र इतिहासमा पहिलो दर्जामा उभिएकाहरूद्वारा रचना गरेका सूक्त, सूक्ति, लोकोक्ति, पहेली, ढकोसले वाकधारा र तुक्का-टुक्का काव्य र कलामा दोहोऱ्याउने मानसिकताले गर्छन् त्यो पनि नयाँ साहित्यका रूपको प्रतिनिधित्व गर्दछ । तसर्थः युरोपको साहित्यिक जागरणमा पनि फ्रान्सले साथ दियो । फ्रान्सका कोनिल्याकले आदिम साङ्केतिक भाषाका सिद्धान्तको विकसित गरे । त्यसैगरी एडिसन पछि अङ्ग्रेजी लेखकहरूले पाठकको अभिरूचिप्रति निकै ध्यान दिदै अरू अरूले पाठकले के भन्दैछन् ? कला र साहित्यलाई मन पराउने काइदाहरू के के हुनसक्दछ ? ऐतिहासक तथ्य र सारभूत विधि के हो ? भन्दै त्यसैलाई प्रयोग गरेर कलामा मौलिकता दिन मानसिक सौन्दर्यात्मक अभिव्यक्तिको खोज र अन्वेषण गर्ने प्रयास गरेका छन् । सौन्दर्यशास्त्रको पद्धति समकालीन प्रयोगशाला विज्ञानसँग पनि निकट सम्बन्ध भएको विषय हो ।

सौन्दर्यशास्त्रको प्रयोगशाला फेशनरका रचना (१८७१) बाट शुरू भएको हो । उनैको समयदेखि प्रयोगशाला विज्ञानको सौन्दर्यशास्त्रमाथि परेको प्रभावबाट साहित्य र कला अछुतो रहन सहन । रचनाहरू समाजले रूचिपूर्वक दोहोऱ्याइ तेहऱ्याइ पढ्न थाले भने त्यस्ता कला र साहित्य सुन्दर हुन्छन् । अर्को वैज्ञानिक प्रभाव र विकासवादी सिद्धान्तबाट काव्य र साहित्यमा सौन्दर्यको प्रभाव परेको हुन्छ । प्रयोगशाला विज्ञानले यौन वृत्ति (फ्राइड) क्रीडावृत्ति (हर्बट स्पेन्सर), निर्माण वृत्ति, (स्यामुअल अलेक्जेन्डर) ले कलामा पाइने पे्रमलाई जैविक प्रेमको कारणसँग जोडिन पुग्दछ भने काव्य र साहित्यमा सौन्दर्यको सूत्रपात हुनसक्दछ भनेका छन् ।

सौन्दर्यशास्त्रको पूर्वीय परम्पराले वस्तु, अलङ्कार र रसध्वनिका माध्यमबाट अभिव्यक्त हुने धारणा प्रस्तुत गरेको छ । आदिमगुण र सौन्दर्य (प्रयोगशालीय विज्ञानका) आदिम काव्यले ध्वनि र गुणका बीचमा, शरीरभित्रको आत्मा र धर्मका बीचको सम्बन्ध बन्धुजस्तो बान्धवको छ । रसादि रूप ध्वनि, काव्यको आत्मा हो र गुण त्यसै आत्मामा रहने धर्म हो । आनन्दबद्र्धनले रसादि ध्वनिमा अलङ्कारको प्रयोग विकल्पका रूपमा हुँदा पनि काव्य सौन्दर्यत हुन्छ भने तर सँगसँगै गुणको निर्विकल्प र नित्य हुनु पर्ने सङ्केत गरेका छन् । आदिम गुणलाई पूर्वीय शास्त्रका आधारमा पनि तुलनीय हुनसक्दछ । (उपाध्याय, २०६१, पृ. १९७) पूर्वीय आचार्यहरू काव्यमा सौन्दर्यता तीन आधारमा आउन सक्ने बताउँदछन् । रस ध्वनि, वस्तु ध्वनि र अलङ्कार ध्वनि । यी तिनै तत्त्व काव्य कलामा पस्किन पाए सुन्दर छन् । तर यहाँ पनि सौन्दर्य हुन रसको आभिव्यक्ति प्रधान रहन्छ । काव्यपाठ गर्नासाथ तत्काल र सुबोध हुन पऱ्यो । त्यस्तो काव्यमा रस ध्वनि हुन्छ (ऐजन, पृ. १९९) । प्रायः यस्तो काव्यमा विप्रलम्भ श्रृङ्गारको प्रयोग गर्ने गर्दछन् ।

यो एकान्त विहार यो चहकिलो श्रृङ्गार, यो चाँदनी
यो शैटया फूलको लता भवन यो, यस्ती प्रिया कामिनी,
यो मौका, वय यो महाप्रणय यो, स्वर्गीय यो कौतुक
यो सम्पूर्ण कुरा चटक्क भूलने धिक्कार नालायक

(लेखनाथः सूक्तिसिन्धु)

कुनै विषयवस्तु प्रधान भएर अभिव्यक्त हुने काव्य कृतिमा वस्तुध्वनि रहेको मानिन्छ । मिल्दैन पथिक ! नक्कली पथरिलो गाउँमा यहाँ के हो वस, मह–गोरसधारा स्वाद लिनमा भए स्नेही (अनु सोमनाथः साहित्यप्रदीप) । खास गाउँमा नक्कली वस्तु छैन, मह दूध, दही, घिउमा रूचि छ भने वस भन्ने वाच्यार्थ र नक्कल झक्कल पाइदैन तर महगो रस (ग्रामीन नारी सुख) मा अभिरूचि भए वस भन्ने व्यङ्ग्यार्थ छ र प्रेम क्रीडा रूपी वस्तु ध्वनि यहाँ प्रस्तुत गरिएको छ । जुन स्थलमा अलङ्कारको अभिव्यक्ति हुन्छ त्यस्तो काव्यकृतिमा अलङ्कार ध्वनि हुन्छ । बिना सामाग्रीले भित्तो बिना नै लोकचित्र यो फैलाउने पशुपतिनाथलाई प्रणाम छ । (गोविन्द प्रसाद भट्टराईः पूर्वीय काव्य सिद्धान्त) । यसमा अन्य कलाकारकोभन्दा पशुपतिनाथको कलाचातुरी विशिष्ट देखाइएकाले व्यक्तिकालङ्कार ध्वनि छ ।

वर्तमान युगमा कविहरूका कल्पनामा स्वायत्तता हुन्छ भन्दछन् । आदिम गुणलाई भिकोले पनि सिद्धान्तलाई क्रोचे, (१९००) को सिद्धान्तलाई पनि पथप्रदर्शक मान्दै सौन्दर्यका पक्षमा उभिएका छन् । उनले कल्पनालाई अन्तर्ज्ञान र अभिव्यक्तिलाई गोत्यात्मक अन्तर्ज्ञान भन्दछन् । उनका साहित्यिक विचारलाई अभिव्यञ्जनावादको नामले चर्चा गरिएको छ । कल्पनालाई भावनाको भाषा भनेर उनी परिभाषित गर्नमा व्यस्त रहन्छन् । आरजी कलिङउड क्रोचेभन्दा अगाडि बढ्दछन् । मार्शलले सौन्दर्यको आमोद प्रमोदको सिद्धान्त दिइएका छन् । सान्तापनको सौन्दर्य भनेको इन्द्रियग्राह्य बनाइएको आनन्द हो । डब्ल्यूटीले स्टासको सौन्दर्य भनेको बौद्धिक वस्तुको प्रत्यक्ष एवम् ज्ञानात्मक क्षेत्रसँगको संयोजन हो । १९३९ ई. मा कुइनले प्रकाशन गरेको सौन्दर्यको सामान्य इतिहासमा ड्युइद्वारा स्थापित

सौन्दर्यशास्त्र र कला समालोचनाको पत्रिकाको सम्पादनमा – यी सबैको तथ्य परक घटनाहरूलाई मिलाएर संयुक्त राज्य अमेरिकाले सौन्दर्यशास्त्रलाई एउटा अनुभूतिमूलक दिशा प्रदान गरेको थियो ।

सौन्दर्यशास्त्रको अर्को महत्त्वपूर्ण पक्ष कला र आनन्द हो । फ्रायडले कलाका विषयमा दिएको विवरण सामान्य छ । कलाबाट आनन्दप्राप्त हुन्छ भन्नु कलाको सौन्दर्य हो । कलालाई सोझै स्थानापन्न तुष्टिमा परिणत गरियो भने आनन्द प्राप्त हुन्छ । फ्रायड कलाकार र मानसिक विक्षिप्तलाई एकै स्थानमा जम्मा गर्दछन् । रिचर्डस, अगडेन र युङ आदि जुनसुकै कलाका कुरालाई सुन्दर भन्दछन् । संवेगलाई जसले जगाउँछ र आमोददिने जुनसुकै कुरालाई पनि सुन्दर हुन्छ भन्दछन् । आनन्द दिदा अनुभूतिको प्रक्रिया सामेल हुन्छ । रिचर्डसले सबै प्रकारका असम्भव हुने स्थायी तत्त्व कलामा भयो भने संवेर्दन हो । त्यो हाम्रा मनोवेगहरूका बीचको सङ्गति र सन्तुलन नै सौन्दर्य हो । कलामा स्वायत्तताको दृष्टिकोण कविता वा उपन्यासको विषय वस्तु पृथक हुन् भन्ने धारणा उत्पादन गर्ने र कला वा कलाकृतिको स्वतः स्फूर्त काव्यिक स्वभावमा अविश्वास पनि पाठकमा पार्न सक्नु सौन्दर्य हो ।

सौन्दर्यशास्त्र आफैंमा मनोविज्ञानसँग सम्बन्धित रहेकाले यी दुईबीच अन्तर्निष्ठ सम्बन्ध सशक्त छ । मनोविज्ञानवादीहरू यौन वैज्ञानिक रचनाले पाठक र भावकलाई सौन्दर्य दिन्छ । कलाबाट प्राप्त हुने आनन्दलाई फ्रायड सौन्दर्य भन्दछन् । फ्रायडले सौन्दर्यको विवेचना गर्दा कलाकार र विक्षिप्ततालाई एकै ठाउँमा एकत्रित गर्दछन् । रिचर्डस, अगडेन र उङले संवेगलाई सुन्दर भन्दछन् । विक्षिप्तता र संवेगले आमोद प्रमोदलाई जगाउँछ । जब संवेग जाग्दछ । संवेग जगाउने जुनसुकै कुरा पनि सुन्दर हुन्छन् । संवेगमा आन्तरिक अनुभूतिको प्रक्रिया जोडिएको हुन्छ । रिचर्डस सौन्दर्यको लक्षण भएका सबै प्रकारका अनुभव रहने स्थायी तत्त्व अट्ने जति सहसंवेदन हो । हाम्रा मनोवेगहरूका बीचको सङ्गति र सन्तुलन सहसंवेदन हो । कलाको स्वायततताप्रतिको दृष्टिकोण कविता वा उपन्यास पृथक वस्तु हुन् भन्ने धारणा कला वा कलाकृतिको स्वतः स्फूर्त सम्भावना, स्वभावमा अविश्वास जस्ता सौन्दर्यसम्बन्धी विचार र त्यसको प्रभाव सौन्दर्यका लागि आधुनिक शताब्दीमा महत्त्वपूर्ण उपलब्धिहरू हुन् ।

औषधिको प्रयोगबाट उत्पन्न प्रतीति, असामान्य यौन नैतिक र सामाजिक मान्यताहरूमा थाहा पाएर गरिएको तल माथिका कुराहरू आधुनिक, कविता, नाटक, सङ्गीतका अभिव्यक्तिमा समेत स्पष्ट रूपमा सौन्दर्य देखिन्छ । आधुनिक समालोचनले सौन्दर्यशास्त्रको विशेष औचित्य पुष्टि गर्छ । लेखकले सौन्दर्य बोधका लागि गरिएको बौद्धिक अभ्यासमा विशेष जोड दिइएको छ । अतः कुनै आलोचकले सौन्दर्यका विषयका चेतनालाई बुझेको अवस्थामा वक्ता-भावक-पाठकको क्षमता र कमजोरी दुवै कुरा यसैबाट स्पष्ट हुनपुग्दछ । पश्चात्य साहित्यले स्थायी भावको सट्टामा मनोरोगलाई संवेदन भन्दछ । काव्य कलालाई आत्माको अभिव्यक्ति पनि भनिन्छ । काव्यको प्रयोजन आनन्दलाभ हो भन्ने गरिएको छ । आनन्दलाभ गर्नु भनेको काव्य पढेर लिइने आनन्द हो । काव्य सौन्दर्य नभईकन आनन्द प्राप्त गर्न सकिँदैन । प्लेजरलाई काव्यको आत्मा भनिएको हुनसक्दछ । अरस्तुले काव्यकलाभित्र प्रयोग भएको वस्तुद्वारा नै प्राप्त भएको वस्तुले आनन्द दिने र सार्वभौम हुन्छ भने (उपाध्याय, २०६१, पृ. ७०) । भाषाका माध्यमबाट सिद्ध हुने सौन्दर्यको अभिव्यक्तिका लागि साहित्य सशक्त माध्यम हो ।

**सौन्दर्यशास्त्र र साहित्यको सम्बन्ध**

पश्चिममा साहित्यिका सौन्दर्यशास्त्रको सिद्धान्त खोज्न प्लेटो र अरिस्टोटलसम्म पुग्नुपर्ने हुन्छ । पूर्वमा साहित्य र सौन्दर्यशास्त्रको अध्ययन गर्न वेदका मन्त्र र सूक्तलाई खोजिन्छ । भग एव भगर्वा अस्तु देवा (शर्मा उपाध्याय, सन् १९९५,

श्लोक ७।४१।५) अर्थात् उत्पत्ति, प्रलय, प्राणीहरूको अगामि र गति, विद्या, अविद्या आदि वचनहरू मनुले प्राणीका हितका लागि पहिले आचार परम्पराको संरक्षण हेतु धर्मका लागि शास्त्रको रचना गरे । आचरणलाई नै सौन्दर्य मानेर आफ्नो लौकिक जीवनलाई कसैले भगवान्सँग लगेर जोडे । कसैले यज्ञसँग लगेर जोडे, कसैले कर्मकाण्डसँग लगेर जोडे, कसैले तीर्थ व्रतसँग जोडे, कसैले आत्मा परमात्मासँग लगेर जोडे, कसैले भौतिक वस्तु र पदार्थको उपयोगसँग जोडे भने कसैले समाजका विभिन्न मानिसका सुख दुःख पीडा, कष्ट, गरीवी, छुवाछुत घृणा आदिलाई काव्यमा प्रवेश गराएका सिर्जन र कलालाई सौन्दर्य ठानेका छन् । संसारको सिर्जना र सृष्टि, प्राणीहरूको विभाजन, न्याय तथा देशको प्रमाण परिषदहरूको लक्षण, वेद वेदाङ्ग अनुसार यज्ञको विधान आचार, व्यवहार, कंटकशोधन, राजधर्म, वर्णाश्रम धर्मको विभाग, षोडषसंस्कार, विवाहमा न्याय, स्त्री पुरूषको वैकल्पिक धर्म, दाय भाग, आयुविधान र विकल्प व्यवस्था, भक्ष्याभक्ष्यको लक्षण, विक्रेय अविक्रेयको मीमांसा, पातकभेद, वर्णन प्रायश्चिवत्त र उपनिषदको रहस्य स्थान आदिको विवेचनालाई सौन्दर्य मान्नेहरू पनि नभएका होइनन् मनुले १००८ अध्यायमा एक लाख श्लोकमा माथि उल्लेख गरिएका विषयमा चर्चा गरेर मनुले देवर्षि नारदलाई, नारदले अध्ययन गरेर मार्कण्डेयलाई दिए । उनले १२००० बाह्र हजार श्लोक घटाएर मात्र दिएका थिए । उनले पनि मनुष्यको आयुको अध्ययन गरेर र मनुष्यको शक्तिको मूल्याङ्कन गरेर ८००० आठ हजार श्लोकमा सङ्क्षिप्त पारेर व्यक्तित्वमा शुल्कमा सुम्पे । उनी बुद्धिमानी भएकाले उनले मनुष्यको आयुह्रासका कारण त्यो ग्रन्थलाई ४००० चार हजार श्लोकमा सङ्क्षिप्त पारिदिएका थिए । (स्पान, सन् २००७, पृ. २) । सङ्क्षिप्तामा विशालतालाई प्रस्तुत गर्ने सामर्थ्य भएको भाषिककला साहित्य भएकाले सङ्क्षिप्ततासहितको कलात्मक अभिव्यक्ति नै सौन्दर्य प्रस्तुतिको प्रमुख माध्यम हो ।

काव्यमा सौन्दर्यको खोजी गर्छु र काव्यमा औल्पाउनका लागि सौन्दर्यको अध्ययन काव्यिक सौन्दर्यको मूल्य स्थापित गर्ने विषय हो । सौन्दर्य र यसको मूल्य स्थापनाका लागि कविको भूमिका निर्विकल्प छ तसर्थः कवि राष्ट्र निर्माता हो । यी भनाई माध्यमिक कालका दुई अर्थले गर्दछन् । कविको काम मानसिक बिम्बलाई जथाभावी, जसरी तसरी प्रस्तुत गर्ने काममात्र होइन । उसले आफ्नो विचारको सारलाई काव्यात्मक रूप पनि दिएको हुन्छ । रूपक र सङ्कल्पना माध्यमबाट अरूका अमूर्त कल्पनालाई आध्यात्मिक वा वास्तविक यथार्थताको रसायनबाट इन्द्रिय ग्राह्य बिम्बको माध्यमले व्याख्या गर्ने कोशिस गरेको हुनुपर्छ । तर सन्न अगस्टिन काव्य शिक्षाको उद्देश्यका लागि हो त्यसकारण काव्यभित्रको उत्स वा गुदीले नजानिदो किसिमले भ्रम फैलाउन पनि सक्दछ । भ्रमबाट बचाउन सुन्दर काव्यको गुण हो । अर्का विद्वान बोकासि ओमने काव्यलाई एक किसिमको धर्मशास्त्रको रूपमा हेर्दछन् । ईश्वर प्रेरित कविहरू गुह्य रहस्यहरूलाई उध्दाष्ति गर्न सधै तत्पर रहन्छन् । देकार्ते, हन्स र भिकोहरू कल्पनालाई तत्त्वमीमांसा र गुणाको वैधतालाई स्वीकार गर्छन् । यस्ता कुराहरू रूपात्मक वर्गको अधीनमा नराखेर स्वभाविक प्रेरणाका रूपमा छोडी दिनुपर्छ भन्दछन् । वायलोले मौजी ललित कल्पनालाई नियमद्वारा निर्देशित गरिनुपर्छ । उल्लेख्य साहित्यकारहरूमा आफ्ना कलालाई भिन्न मार्ग डोऱ्याउन खोज्दा स्वभाविक प्रतिभाहरू र परम्परागत कलाको बीचमा विवाद शुरू हुन्छ । स्पेन्सर पछिका लेखकहरूका प्रतिस्पर्धात्मक विचारहरू, सिद्धान्तहरू भिन्नभिन्न बन्दै बनाउँदै अगाडि बढेको पाइन्छ । पोपले साहित्यिक कला मानव प्रकृतिको कारण माने । आदर्शवादी दर्शनले इन्द्रियबाट बुझ्ने कला सिर्जित हुनुपर्दछ भन्दै अध्यात्मको मार्गबाट साहित्यको व्याख्या गरिनु पर्दछ भन्यो । कान्टले कल्पना सिर्जना गर्छ । कल्पना चोखा र शुद्ध हुनुपर्छ । कल्पना उच्चतम उद्देश्य लिनुपर्छ इन्द्रियातीत वास्तविकताको प्रतिनिधित्व गर्नुपर्छ कलाले शिलर र शोलिङले विश्वलाई नै कलाकृति मानेका छन् । साहित्य त सीमित र असीमित बीच हुने कलह, वैमनश्यता, अभाव र भेद अमेद

गर्नेहरूको समस्याको समाधानको मध्यस्थ बिन्दु हो । गोथेले साहित्यिक कलाकारद्वारा अति सुबोध बाह्यकृति बिनाको सिङ्गो प्रकृतिलाई आफ्नो हातमा लिएको हुन्छ । नोभालिस समाजको निमित्त प्रतिनिधि हो । त्यसकारण जीवन र जगतलाई काव्यले विशुद्ध रूपमा चित्रण गर्नु अन्तिम सत्य र वास्तविकता हो । हेगेलले परब्रह्मका कसीमा घोटिएको कलामा अभिव्यक्त हुँदा सौन्दर्य हुन्छ । उल्लेख्य कविका कथन, उक्ति, सूक्ति, सूक्त, लोकोक्तिवाणी, वाग्धारा, तुक्का सिर्जना, सृष्टि, काव्य साहित्यहरूमा सौन्दर्य हुन्छ ।

पश्चिमाहरूले हस्तकलाको अर्थमा सिर्जना शब्दको प्रयोग गरे । साहित्य पनि हस्तकला साधनको एउटा श्रोत नै हो । त्यसको उल्टो साहित्यिक कलाकारका मुख्य कार्यहरू के के हुन् सक्छन ? त्यसको परिभाषा दिनका लागि अरस्तुले अनुकरण शब्दको प्रयोग गरे । होरेसले साहित्यको व्यवहारिक पक्ष र नीतिपरक उद्देश्यमा विशेष जोड दिएका थिए । उनको विचारमा कविको उद्देश्य आनन्द र सामाजिक उपयोगितालाई समेट्ने हुनुपर्दछ । प्लुटार्कले कविताको उद्देश्य समाजका व्यक्तिलाई शिक्षा दिनु हो । पाठकले असल कुरा कहाँ छन् भन्ने विषयमा हाँसले दुध र पानी मिसिएको स्थानमा दूध खोज्न चुच्चो घुसाएझैं घुमाउन सक्नुपर्दछ । लन्जाइनस साहित्य भनेको महान आत्माको उच्च विचारलाई अभिव्यक्ति दिने खालको हुनुपर्दछ । जसको कारण पाठक मन वा हाम्रो मनलाई उच्च तहमा पुऱ्याउन अनुशासित तरिकाले व्यवस्थित गर्न सक्नुपर्छ । टायनले अपालोनिअसलाई बोलाउने कल्पनालाई गुह्यरेर काव्यात्मक सीपको औचित्य स्थापना गर्न चाहान्छन् र आफ्नो काव्यात्मक स्वरलाई बुलन्द गर्न चाहान्छन् । सिसिरोले कविको हृदयमा आदर्श प्रतिभाले बिम्ब र प्रतीकको ग्रहणशील गर्ने माध्यमको खोजी र अन्वेषण गर्न तयार पारेको अवस्थाको चित्रण सौन्दर्य हुन्छ भन्ने ठान्ने गर्दछन् । यी सबै साहित्यकारले व्यवसायिकता, सीपमूलक कलाका कार्यहरू, व्यवहारिकता र अनुशासनको ग्रहण शीलतालाई अन्वेषण गरेका छन् ।

साहित्यको प्रभावशाली चिन्तन खोज्न प्लेटो र अरिस्टोटलमा पुग्नु पर्ने हुन्छ । यिनीहरूले कलालाई हस्तकलाका अर्चना र सिर्जनाको उपयोग गरे । सिर्जनाको विपरीत शब्दलाई काव्य र कलाको क्षेत्रमा अनुकरण शब्दको प्रयोग यिनीहरूले गरे । साहित्यको व्यवहारिक र नीतिपरक उद्देश्यमा बल गर्ने होरेस हुन् । उनले साहित्यकारको उद्देश्य पाठक-भावकलाई आनन्द दिने र उपयोगितामा आउने कला लेखिनु पर्छ भने प्लुटार्क काव्य र कविताको उद्देश्य शिक्षा हुनुपर्छ भन्दै गर्जिए । पाठकले असल कुरा पाउँछ कि पाउँदैन भन्नेमा सचेत कलाकार सचेत हुनुपर्छ । लञ्जाइनस महान् आत्माको उच्च विचारको अभिव्यक्ति काव्यलाई ठान्दछन् । पाठक र भावकका मनलाई उच्च तहमा पुऱ्याएर अनुशासन कायम गर्ने कला उत्कृष्ट हुने धारणा प्रस्तुत गर्छन् । टायन अपालोनिअस कल्पनालाई आह्वान गर्छन् । काव्य भनेका पारखीमा सीप हुन् । कल्पना र भावनामा मडारिएका धारणा र विचारले काव्यमा प्रस्तुत हुँदा औचित्य स्थापना भएको हुनुपर्छ । सिसिरोले कविको हृदयमा आदर्शका किरण भुल्किनुपर्छ । बिम्बको समुचित छनौट हुनुपर्दछ । ग्रहणशील बिम्बद्वारा मानिसलाई बदल्ने शक्ति पहिले देखि नै काव्यमा तयार भएको हुनुपर्दछ भन्ने विचार पोख्दछन् ।

**निष्कर्ष**

सौन्दर्य अनुभूति र तत्जन्य विषयको मानसिक उत्पादन नै हो । सौन्दर्यान्दलाई "सुन्दरं, रूचिरं, चारू, सुषमं, साधु, शोभनम्, कान्तं, मनोरमं, रूच्यं, मनोज्ञं, मञ्जु, मञ्जुलम् आदि शब्दले परिभाषित गरेको छ । त्यसै गरी आसेवनंक हेर्दा न अघाइने शब्द हो । अमीष्टम्, अभीप्सितम्, हृद्यम् दयितम्, बल्लमम्, प्रियम् आदि प्यारा चिज र सौन्दर्यका लागि प्रयोग हुने शब्दहरू हुन् । सौन्दर्यलाई अन्य प्रकारका आनन्दबाट पनि छुट्याउन सकिन्छ । यो निरपेक्ष हुन्छ । वास्ता नराख्ने निरपेक्ष हो किनभने यसले कुनै वस्तु प्राप्त गर्न साधनका रूपमा मात्र होइन कि साध्यकै रूपमा हेर्नेगर्दछ ।

उपकरणका रूपमा मात्र होइन यसले सम्प्राप्तिको रूपमा हेर्दछ । मुख्य रूपमा अन्त्रवस्तुमा भर पर्नुपर्ने उद्देश्य वा सामानका उपयोगिताको पूरक हिस्सा भएको काव्य, कला, साहित्यहरू सौन्दर्यात्यात्मक हुन्छन् । काव्यमा यस्तो दर्शन उब्जन्छ र त्यसले पठनमा, सुन्नमा विशेष आनन्द आउँछ र रूपमात्मक गुण निस्कन्छ मनसँगसँगै त्यसैलाई निरूपयोगितावादी र नग्नशीलबाट नै चोखो आनन्द पाउन सकिन्छ । सौन्दर्यबोधका लागि चार कुरा आवश्यक मानिएका छन् । सारतत्त्व, सम्बन्ध, कारण, र प्रभाव अनिवार्य मानिन्छन् । यी चारकुराको परस्परमा हुने सम्बन्ध नै सौन्दर्य हो । सौन्दर्यका लक्षण भएका सूक्त, सूक्ति, उक्ति, लोकोक्ति, कहावतमा यी चारै कुरा काव्य कलामा अन्तर्भूत हुन्छन् । वस्तु, नेता र रसले कला र काव्यमा प्रवेश पाए भने त्यस्तो कला सुन्दर हुन्छन् । विभिन्न साहित्यिक अङ्गहरूको अन्तर्सम्बन्धमा चार कुरा सौन्दर्यको अर्थभित्र गुह्यरूपमा लुकेको हुन्छ । कारणबाट संवेगलाई जागृत गराउँछ । काव्य कलामा जागरित गर्ने संवेगात्मक वस्तु नै सौन्दर्य हो । काव्यले पाठकमा पार्ने प्रभाव नै निष्कर्षमा सौन्दर्य हो ।

सौन्दर्यलाई प्रतिबिम्बन गर्ने मुख्य चार पक्षमध्ये प्रथमतः सारतत्त्वको खोजी हुन्छ । सारतत्त्वले कलामा प्रयोग भएका वस्तु, समस्या, उद्देश्य र द्वन्द्वको प्रतिनिधित्व प्रकृतिका अनुकरणबाट निस्केका सारतत्त्वका उपशाखाहरू आवश्यकता महशुस गर्छ र खोज्दछ । सिर्जना वा स्रष्टाद्वारा आफ्नो कार्य र कारणसँग राम्रो सन्तुलन बन्नसक्यो र साहित्य र काव्यमा प्रयोग गरिएका वस्तु, नेता, रस वा विषयवस्तु, पात्र संवाद, परिवेश, उद्देश्य, भाषा सामाजिक जनजीवनसँग राम्रो सन्तुलनसहित सिर्जनामा प्रदर्शित गरियो र प्रयोग गरिने माध्यमको पनि सफल उपयोग गरियो भने त्यस्तो काव्यकला सौन्दर्यशाली हुन्छ । सौन्दर्यका वस्तु, कथावस्तु र कुरामा शिष्ट लेखेर मात्र हुँदैन । द्रष्ट्राका बीचमा काव्यात्मक सिर्जनाका शब्द, पदावलीमाथि मनन गर्ने ध्यान, ज्ञान लगाएर पाठकलाई हेर्ने बाध्य पार्ने बाहिरी भित्री दुवै आँखामा हुन्छ । यसो भयो भने मात्र कारणले आमोद, प्रमोद दिन्छ र आनन्दको कारण बन्ने कुनै पनि कला सुन्दर हुन्छ । भ्रम छर्ने, मन बहलाएर भड्काउतर्फ उन्मुख गराउने कलाले एक छिन सौन्दर्य लागे पनि त्यस्को प्रतिफल सारांशमा भयावह हुन्छ । सौन्दर्यको प्राप्तिका लागि प्रस्तुतीकरणको प्रभाव अपेक्षित विषय हो । कुनै पनि वस्तु वा चीजमाथि हाम्रो प्रभाव के कसरी पर्दछ र पर्दैछ ? सौन्दर्यमा त्यही हेरिन्छ । त्यसैको विचार गरिन्छ । अपकरण र साधनको उचित प्रयोग कतिको गरिएको छ ? ती प्रयोग गरिएका साधनबाट प्रविधिको अधिकार कति हदसम्म उचित छ छैनबाट सौन्दर्यको जन्म हुन्छ । अनुभूत अभिरूचिको पूर्व अभिव्यक्ति नै सौन्दर्य हो । सौन्दर्य भनेको कलाकारको देन हो । अतः सौन्दर्यशास्त्रले उचित प्रयोग र अभिव्यक्तिका प्रविधिको प्रयोग र समस्यालाई यसले सोध खोज र अन्वेषण गर्छ । सौन्दर्यको भोग या सौन्दर्यको अनुभव, सौन्दर्यको सिर्जना आदि कलाका प्रेरणा हुन् ।

सौन्दर्यलाई सौन्दर्यको आँखाबाट मूल्याङ्कन गरेर छुट्टयाउन सकिन्छ । पहिलो कलाकृति र सिर्जनाबाट पाठकमा प्राप्त हुने आनन्दप्रति यसले जोड दिनेगर्दछ । यसैका आधारमा मूल्याङ्कन हुन्छ । दोस्रो यसले कलाकृतिका अभिलक्षणप्रति जोड दिन्छ । यिनै दुई आधारमा कलाका सौन्दर्यको आलोचनात्मक सिद्धान्त तयार पारेर मूल्याङ्कन गरिनु उपयुक्त हुन्छ । सौन्दर्यानन्द र सौन्दर्यको मूल्याङ्कन यी दुवैलाई सौन्दर्यपरक सावधानी अपनाउदै निर्देशित र पूर्वानुमानका आधारमा मार्ग प्रशस्त गरी मूल्याङ्कन गर्दा उपयुक्त हुन्छ । जबसम्म कुनै कलाकृतिलाई हेरेर कृतिले के गर्न खोजेको हो ? भनेर होइन यो के हो भन्ने विचार कृतिमा गरिँदैन तबसम्म कला कृतिमा रहेका सौन्दर्यका गुणहरू अदृश्य रहन सक्ने सम्भावनाहरू धेरै हुन्छन् । यसै कारणले गर्दा साहित्यका विभिन्न रूपात्मक विधाको प्रयोग गरेर सौन्दर्यपरक समता र दूरी पहिल्याउने गर्नुपर्दछ । सर्जकले सिर्जना गर्ने कला कृतिलेभन्दा कृति मित्रको विषयवस्तु, पात्र, चरित्र, संवाद, परिवेश, देश काल परिस्थिति, भाषा र उद्देश्यद्वारा पाठकलाई आकर्षण गर्ने सामाग्रीको आधारमा सामेल होस् भन्ने आधारमा मूल्याङ्कन गर्नु बढी उपयोगी र सान्दर्भिक हुनसक्छ ।

सौन्दर्यको लक्षण काव्यात्मक प्रतिक्रियाका आधारमा छुट्टिने गर्छन् । कुनै कृतिमा विशुद्ध अभिधा लक्षणा र व्यञ्जना भए पनि काव्यमा चाहिने आवश्यकीय गुणको अभावमा शब्दको थुप्रोमात्र बन्नसक्दछ । सौन्दर्य सर्जकको खुबी र उसको प्रतिभासँग पनि सम्बन्ध गाँसिएको हुनुपर्छ । कृतिमा सर्जकको खुबी महत्त्वपूर्ण हुन्छ । खुबी र आनन्दको सम्बन्ध नै हुनुपर्छ भन्ने जरूरी पनि पर्दैन तर प्रतिभाद्वारा परिष्कृत एवम् संवेदनशील र मर्ममा प्रहार गर्नसक्ने कृति रोचकिलो हुन्छ र भद्धा कृतिबाट पनि पाठक र भावकको रूची सोहीअनुसार भए सौन्दर्य र आमोद प्राप्त गर्नसक्दछ । काव्यमा अभिव्यक्त सौन्दर्य लक्ष्मी बिना आदर कस्ले गर्छ ? नैव लक्ष्मी बिना ऽऽ दर । दारिद्रय् दोषो गुणराशिनाशी लक्ष्मी बिनाऽऽदरमा जस्ता पङ्क्ति साहित्यिक वाक्यको अंशमा पर्नासाथ काव्य कलामा सौन्दर्य उत्पन्न हुन्छ । जसले गर्दा पाठकले काव्यानन्द पाउँछ । कला र सौन्दर्यलाई केन्द्रमा राखी भएको सौन्दर्यशास्त्रीय आन्दोलन “कला–कलाका” लागि हो । कलालाई मुख्य भनेर गरिएको आन्दोलनको मुख्य प्रतिक्रिया सौन्दर्य थियो । कलाको परिभाषा सौन्दर्यपरक शब्दमा गर्ने हो भने सबै कला एकदमै अनुपयोगी हुन्छन् । तर साहित्य र कलाबाट प्राप्त हुने आनन्द यथार्थमा थुप्रै प्रकारका हुन्छन् । सारतः सौन्दर्य, सौन्दर्यशास्त्र र यसको सार्विक मूल्यको विश्लेषणबाट यो पूर्वीय र पाश्चात्य दिग्विभाजनमा मानवीय मनोविज्ञानमा अवस्थित कलाचेतका आधारमा अस्तित्व प्राप्त गर्न सफल भएको निष्कर्ष प्राप्त गर्नसकिन्छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, इन्द्रविलास (२०६२). *तुलनात्मक साहित्य*, साझा प्रकाशन ।

गौतम, कुलचन्द्र (२०१७). *अमरकोश*, यशोदा पुस्तकालय । श्लोक २१२८/२१२९:२२४)

उपाध्याय, केशवप्रसाद (२०६१). *पूर्वीय साहित्य सिद्धान्त* (चौथो संस्क.), साझा प्रकाशन ।

शर्मा उपाध्याय, रामजी (सन् १९९५). ऋग्वेद. संस्कृत सूक्ति रत्नाकर, चौखम्बा विद्याभवन ।

उप्रेती, कुन्दनलाल (सन् १९९१), *लोकसाहित्यके प्रतिमान*. भारत प्रकाशन मन्दिर ।

भट्टराई, वासुदेव (२०५२). *श्रीमद् भागवत् महापुराण* (दोस्रो संस्क.), साझा प्रकाशन ।

त्रिपाठी, रामनरेश (१९५५ ई) हमारे ग्रामीण साहित्य, द्वितीय सं. नवनीत प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०३०). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १*, साझा प्रकाशन ।

स्पान, ब्रजकिशोर (सन् २००७). *नारदस्मृति*, चौखम्बा संस्कृत संस्थान ।

द्रविड, गङ्गाकृष्ण (सन् १९३७). *समयोचित पद्यमालिका*, निर्णय सागर मुद्रालय ।

भट्टराई, गोविन्दप्रसाद, (२०३०). *पूर्वीय काव्य सिद्धान्त*, नेपाल प्रज्ञा–प्रतिष्ठान ।

लोहनी, श्रीधर (२०७९). ‘सौन्दर्यशास्त्र’. *नेपाली साहित्यकोश*, ईश्वर बराल र अन्य (सम्पा.), नेपाल प्रज्ञा–प्रतिष्ठान ।

शर्मा नेपाल, वसन्तकुमार (२०७०). *उपनिषद्सङ्ग्रह*, शब्दार्थ प्रकाशन ।

सत्येन्द्र, (सन् १९६२). *लोकसाहित्य विज्ञान*, राजस्थानी ग्रन्थागार ।

सिंह, समर (सन् २००९). *कहावत कोश*, राजपाल एन्ड सन्स, कस्मीरगेट ।